एजेण्डाहरु

१. २२ औं भूकम्प सुरक्षा दिवस

२. स्थानीय विपद जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण

३. बेलकोटगढी न.पा.को भवन निर्माणका लागि जग्गा सिफारिस

४. विविध

निर्णयहरु

१. यहि मिति २०७६ माघ २ गते पर्ने २२ औं भूकम्प सुरक्षा दिवस निम्नानुसारका कार्यक्रम आयोजना गरी मनाउने निर्णय गरियो:

(क) २०७६ माघ २ गते बिहान ७:३० बजे त्रिशुली बजार देखि बट्टार क्याम्पससम्म प्रभातफेरी गर्ने । उक्त कार्यक्रममा जिल्लास्थित सरकारी निकाय, सुरक्षा निकाय, विदुर नगरपालिका, गैर सरकारी संस्थाहरु, निजि क्षेत्र, नागरिक समाज, सञ्चार क्षेत्र लगायतको सहभागिता रहने । उक्त कार्यक्रमका लागि प्ले कार्डहरुको व्यवस्थापन अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार जिल्ला आयोजना कार्यान्वयन इकाई नुवाकोटले गैर सरकारी संख्थाहरुसँग समन्वय गरी गर्ने

(ख) माघ २ गते बिहान ८:३० बजे बट्टार क्याम्पसमा नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखाबाट सचेतनामूलक सडक नाटक प्रदर्शन गर्ने ।

(ग) स्थानीयस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी भूकम्प सुरक्षा दिवस मनाउन जिल्लास्थित सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

(घ) भूकम्प सुरक्षा दिवस २०७६ को अवसरमा जिल्लास्थित सञ्चार माध्यमहरुबाट सचेतनामूलक कार्यक्रम, अन्तरसम्वाद आदि सञ्चालन गर्न नेपाल पत्रकार महासंघ जिल्ला शाखालाई अनुरोध गर्ने ।

(ङ) जिल्लास्थित विद्यालय तथा क्याम्पसहरुमा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्न शिक्षा विकास तथा समन्वय इकाईमार्फत सबै क्याम्पस तथा विद्यालयहरुलाई अनुरोध गर्ने ।

२. स्थानीय विपद जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्य योजना तत्काल तयार गरी कार्यान्वयन गर्न, विपद जोखिम स्थानहरुको पहिचान गर्न तथा विपदका घटना पश्चात विपद प्रभावित व्यक्तिहरुलाई तत्काल पुनर्स्थापना गर्न सकिने सुरक्षित आश्रयस्थलहरुको पहिचान, विकास तथा व्यवस्थापन गर्न स्थानीय तहहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।